बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

## बारबर्दिया राजपत्र

**भाग–२**

**खण्डः३** **संख्याः ७** **मितिः २०७६/०९/२५**

# होम स्टे संचालन, प्रवर्द्धन तथा नियमन सम्बन्धि कार्यविधि, २०७६

कार्यपालिका निर्णय मितिः२०७६/०९/२२

स्थानीय समुदायको संलग्नतामा स्वरोजगारका अवसर सिर्जना गर्न एंव पर्यटनको माध्यमबाट ग्रामीण पर्यापर्यटनको विकास, प्रवर्द्धन, व्यवस्थापन र नियमन गर्न बान्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (छ) १२ को व्यवस्था बमोजिम बारबर्दिया नगरपालिकाले यो होम स्टे संचालन, प्रवर्द्धन तथा नियमन सम्बन्धि कार्यविधि, २०७६ बनाएको छ ।

१. संक्षिप्त नाम प्रारम्भः (१) यस कार्यविधको नाम "होम स्टे संचालन, प्रवर्द्धन तथा नियमन सम्बन्धि कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि बारबर्दिया नगरपालिका क्षेत्रभर भर लागु हुनेछ ।

(३) यो कार्यविधि बारबर्दिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "होम स्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले, आफ्नै घर वा समुदायमा निजि वा सामुहिक रुपमा संचालन गरिएको घरबास सेवा सम्झनु पर्छ ।

(ख) "सामुदायिक होम स्टे" भन्नाले ग्रामीण क्षेत्रमा कम्तीमा पाँच वटा अलग अलग स्वामित्व भएका घरधनीले सामुहिक रुपमा व्यवस्थापन गरी संचालन गरेको होम स्टेलाई सामुदायिक होम स्टे सम्झनु पर्छ ।

(ग) "निजी होम स्टे" भन्नाले ग्रामीण क्षेत्रमा एकल रुपमा दर्ता गरी निजी स्तरमा संचालित होम स्टेलाई निजी होम स्टे सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "होम स्टे व्यवस्थापन तथा संचालन समिति" भन्नाले दफा ९ बमोजिमको समिति सम्झनु पर्छ ।

(छ) "होम स्टे ईकाइ" भन्नाले होम स्टे संचालन गर्ने व्यवस्थापन समिति अन्तर्गत रहेका प्रत्येक घर सम्झनु पर्छ ।

(ज) "पर्यटक" भन्नाले स्वदेश तथा विदेशबाट होम स्टेमा उपलब्ध सेवा लिन आउने व्यक्तिहरुलाई सम्झनु पर्छ ।

**३. उद्देश्यः** होम स्टे संचालनका मुख्य उद्देश्य देहाय बमोजिम हुनेछन् -

(क) ग्रामीण क्षेत्रमा पर्यटन प्रबर्धन गरी त्यसबाट प्राप्त प्रतिफल ग्रामीण समुदाय सम्म पुर्याउने,

(ख) ग्रामिण क्षेत्रका जनतालाई पर्यटन व्यवसायमा सहभागी गराई जीवनस्तर सुधार गर्ने,

(ग) होम स्टेको माध्यमबाट ग्रामीण तथा स्थानीयस्तरमा स्वरोजगारको अवसर सृजना गर्ने,

(घ) ग्रामीण पर्यटनलाई सुलभ, सरल सहज वातावरणमा स्थानीय परिकार, रितीरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट सेवा प्रदान गर्ने ।

**४. दर्ताका लागि निवेदन दिनेः** (१) होम स्टे संचालन गर्न चाहने व्यक्ति वा समुदायले देहाय बमोजिमका कागजात सहित अनुसुची-१ बमोजिमको ढाँचामा रु. ३०।- को रसिद काटी नगरपालिकामा निवेदन दिनु पर्नेछ,-

(क) सामुदायिक होम स्टेको हकमा कम्तीमा पाँच जना घरधनीले आ-आफ्नो घरमा सामुहिक रुपमा होम स्टे संचालन गर्न सहमत भएको लिखित प्रतिवद्धता र वडा कार्यालयको सिफारिस तथा निजी होम स्टेका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) जग्गा धनी प्रमाण पुर्जा वा पैतृक सम्पती यकिन हुने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भए सो को सम्झौताको प्रतिलिपि,

(ग) होम स्टे संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिका प्रमुखले तोकेको प्रतिनिधिको संयोजकत्वमा सम्बन्धित वडाको वडाध्यक्ष, स्वास्थ्य, कृषि र वन वातावरण हेर्ने कर्मचारी समेतको पाँच सदस्यीय समितिले निरिक्षण गरी अनुसूची-२ बमोजिमको मापदण्ड पूरा भए नभएको बारे बारबर्दिया नगरपालिकाको कार्यालयमा १५ दिन भित्र प्रतिवेदन दिनु पर्नेछ । समितिले आफ्नो कामको सम्बन्धमा आवश्यकतानुसार विज्ञहरुको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निरिक्षणबाट तोकिएको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा नगरपालिकाको कार्यालयले सात दिनभित्र सामुदायिकको हकमा प्रति घर रु. १५००।- एक हजार पाँच

शयले हुन आउने रकम र निजिको हकमा रु. २०००।- दुई हजार रुपैया शुल्क लिई दर्ता गर्नेछ र अनुसूची-३ बमोजिमको ढाँचामा होम स्टे संचालन प्रमाणपत्र दिइनेछ ।

(४) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिई पुन स्थलगत निरिक्षणगरी उपदफा (३) बमोजिम दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम होम स्टे दर्ता गर्दा र दफा १३ को उपदफा (१) बमोजिम होम स्टे नवीकरण गर्दा लाग्ने शुल्क नगरपालिको आम्दानी खातामा जम्मा गरिनेछ ।

**५. होम स्टे दर्ताका लागि न्यूनतम मापदण्डहरु:** (१) होम स्टे दर्ताका लागि देहाय बमोजिमका न्यूनतम मापदण्ड पुरा गर्नुपर्नेछ ।

(क) पाहुनाको लागि हरेक घरमा दुई बेड भएको कम्तिमा एक र बढीमा चारकोठा मात्र राख्न पाईनेछ,

(ख) सफा भान्छा शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।

(ग) घरायसी र वातावरणीय सरसफाईको राम्रो व्यवस्था हुनुपर्ने र फोहरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहरको छुट्टाछुट्टै व्यवस्था भएको हुनु पर्ने,

(घ) सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरु र आवासको आधारमा औचित्यपुर्ण मुल्य सहितको मेनुको व्यवस्था भएको हुनुपर्ने,

(ङ) संचारका न्यूनतम सुविधाहरु जस्तै टेलिफोन वा ईन्टरनेटको व्यवस्था भएको हुनुपर्ने,

(च) घरको वरिपरि सिजन अनुसारका फलफुल र जैविक मल प्रयोग गरिएको करेशाबारि हुनुपर्ने,

(२) होम स्टे दर्ताको लागि आवश्यक अन्य मापदण्ड अनुसूची-२ बमोजिम हुनेछ ।

**६. होम स्टे वर्गीकरण:** यस कार्यविधिको अनुसूची मा उल्लेखित मापदण्ड पूरा गरी अलग अलग स्वामित्व भएका कम्तीमा पाँच वटा घरधनीले सामुहिक व्यवस्थापन गरी संचालन गरेको होम स्टेलाई सामुदायिक ग्रामीण होम स्टे र ग्रामीण क्षेत्रमा कुनै व्यक्तिले एकल रुपमा दर्ता गरी निजीस्तरमा संचालित होम स्टेलाई निजी होम स्टेको रुपमा वर्गीकरण गरिएको छ ।

**७. होम स्टेका मुख्य पर्यटकीय क्रियाकलाप:** (१) होम स्टे संचालकले मनोरञ्जनका लागि पाहुनाको चाहाना अनुसार स्थानीय क्षेत्रमा संचालन हुने सास्कृतिक कार्यक्रम र परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इकोट्रेक, कृषि फर्म अवलोकन, अध्ययन तथा सिकाइ केन्द्र संग्रहालय, दृष्यावलोकन आदि जस्ता मुख्य पर्यटकीय क्रियाकलापको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफ (१) मा लेखिए देखि बाहेक होम स्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछ ।

(क) स्थानीय प्रचलन अनुसार फूलमालाका साथ पर्यटक स्वागतर बिदाईको ब्यवस्था गर्ने,

(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउमा मौलिक परम्परा को संस्कृतिमाआधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मेला, जात्रा जस्ता गतिविधीहरु आयोजनागरी सहभागी गराउने,

(ग) सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामग्री उत्पादन केन्द्र, रमणीय निकुञ्ज क्षेत्रको दृश्यावलोकन, सामुदायिक वन, वन्यजन्तु तथा चरा अवलोकन आदिको व्यवस्था

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीयजातजातिको जीवनशैली, कला संस्कृति, भाषा,भेषभुषाआदि विषयमा अवलोकन, अनुभव तथाज्ञानको आदान प्रदान गराउने,

(ङ) होम स्टेमा बस्ने पर्यटकहरुलाई गाउँघरमा उत्पादित स्थानीय मौलिक तथा प्राङ्गारिक खानाखुवाई फरकपनको अनुभूती दिने,

(च) पर्यटकलाई होम स्टेमा रहँदा उत्कृष्ट आतिथ्यता सहित रपारिवारिक वातावरणमाबसिरहेको अनुभव दिलाउने,

(छ) स्थानीय उत्पादन र संस्कृति झल्कने मायाको चिनो र फुल माला सहित पर्यटकलाईविदाई गर्ने,

(ज) पर्यटक होम स्टेबाट बिदाइ भएपछि एकपटक उनीहरु गन्तब्यमा पुगे नपुगेकोजानकारी लिने ।

**<u>८. होम स्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरु:</u>**होम स्टे सञ्चालकले पुरा गर्नुपर्ने अन्य मापदण्डहरु देहाय बमोजिम हुनेछन,-

(क) सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनु पर्ने,

(ख) पर्यटकको स्वास्थ्यस्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानकोब्यवस्था गर्नु पर्ने,

(ग) सामुदायिक होम स्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको ब्यवस्था हुनुपर्ने,

(घ) हरेक वर्ष लेखा परीक्षण गराउने र पर्यटकको तथ्याङ्क ब्यवस्थित गरी राखु पर्ने,

(ङ) प्रत्येक वर्ष पौष मसान्तसम्म आन्तरिक राजश्व विभाग अन्तर्गतका कार्यालयबाट करचुक्ता गर्नुपर्ने,

(च) हाल संचालित विभिन्न निकायमा दर्ता भएका होम स्टेहरु समेत यो कार्यविधि लागु भएको मितिले ३ महिना भित्र नगरपालिकामा दर्ता हुनुपर्नेछ । तर यसरी दर्ता गर्दा दर्ता शुल्क लिईने छैन ।

(छ) होम स्टेमा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्सा सांस्कृतिक मनोरञ्जन, प्राकृतिक सम्पदाको दृष्यावलोकन गतिविधिहरुसंचालन गरीबसाईका दिन लम्ब्याउन पहल गर्नु पर्ने ।

(ज) होम स्टे सम्म पर्यटक आवागमनका लागि सहज सडक र उपयुक्त पार्किङको समेत व्यवस्था गरेको हुनु पर्नेछ ।

**९. होम स्टे व्यवस्थापन तथा संचालन समितिः** (१) सामुदायिक होम स्टे सञ्चालन गर्नका लागिसंचालकले साधारण सभा गरी मुख्य पदमा कम्तिमा १(एक) सहित ३३% प्रतिशत महिला सहभागितामा देहाय बमोजिमको होम स्टे व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नु पर्नेछ, -

(क) समुदायका सदस्यहरुबाट एक जना - अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट एक जना - सचिव

(ग) समुदायका सदस्यहरुबाट एक जना - कोषाध्यक्ष

(घ) समुदायका सदस्यहरुबाट २ जना - सदस्य

(२) होम स्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप २ जना सम्मसदस्यको चयन गर्न सक्नेछ ।

**(३) होम स्टे व्यवस्थापन तथा संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ, -**

(क)पर्यटकीय क्रियाकलापहरु र पर्यटक र संचालकहरुले पालना गर्नुपर्ने आचारसंहिता कार्यान्वयन गर्ने गराउने ।

(ख) आगन्तुक पाहुनाको स्वागत तथा आवासको व्यवस्था मिलाउने,

(ग) पाहुनाको दर्ता तथा रेकर्डकोव्यवस्था गर्ने,

(घ) आयव्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

(ङ) होम स्टे तथा होम स्टे क्षेत्रको सरसफाई तथा अन्य व्यवस्थापन पक्षको नियमितअनुगमनगर्ने,

(च) स्थानीय पर्यटन प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,

(छ) स्थानीय प्रविधी, ज्ञान सिप वातावरण, परम्परा, शैली, भाषा,भेषभूषा, कला तथा संस्कृतिकसंरक्षण गर्ने,

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने,

(झ) पाहुनाको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाको व्यवस्थापन र समन्वय गर्ने,

(ज) होम स्टे जाने पथचिन्ह (साइनेज) तथा लोकेसन म्याप तयार गरी आवश्यक स्थामा राख्ने,

(ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सेवा, सुविधाको गुणस्तरका आधारमा मेनु/मुल्यनिर्धारणमा एकरुपता कायम गर्ने,

(ठ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैतीस दिन भित्र पाहुना संख्या, प्रमुख क्रियाकलापआय तथा व्यय देखिने वार्षिक प्रतिवेदन बारबर्दिया नगरपालिकाको कार्यालय,पर्यटन कार्यालय र प्रदेश मन्त्रालयमा पठाउनुपर्ने,

(ड) बारबर्दिया नगरपालिकाको होम स्टे समन्वय समिति र प्रदेशमा रहेको पर्यटन मन्त्रालयसंगनियमित सम्पर्क र समन्वय गर्ने,

(ढ) अनुसूची-४ बमोजिमको सूचना पाहुनाले देख्ने स्थानमा राख्नु पर्ने,

(ण) होम स्टे विकास, प्रबर्धन तथा व्यवस्थापनका लागि अध्ययन, अवलोकन भ्रमण जस्ताकार्य गर्ने,

(त) होम स्टेको विकास, प्रबर्धन तथा व्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

(थ) सामुदायिक होम स्टेमा सदस्य थप गर्नु पर्नेभएमा सोको अनुमतिका लागि आवश्यक कागजात सहित नगरपालिकामा अनुरोध गर्ने ।

**<u>१०. होम स्टे प्रवर्द्धन, नियमन तथा अनुगमन समितिः</u>**(१) नगरपालिकाले होम स्टेको माध्यमबाट पर्यटन विकास र प्रवर्द्धनमा टेवा पुर्याउनका लागि तपसिल बमोजिमको होमस्टे नियमन, प्रवर्द्धन तथा अनुगमन समितिगठन गरिनेछ ।

**<u>तपसिल</u>**

| | |
|---|---|
| नगर उप-प्रमुख | -संयोजक |
| सम्बन्धित वडाका वडा अध्यक्ष | - सदस्य |
| आर्थिक विकास समिति संयोजक | - सदस्य |
| होम स्टे संचालकहरु मध्ये (न.पा.बाट मनोनित) १ महिला सहित २ जना | - सदस्य |
| होटल व्यवसायि मध्येबाट मनोनित १ जना | - सदस्य |
| पर्यटन व्यवसायि मध्ये (न.पा.बाट मनोनित) १ जना | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी १ जना | -सदस्य सचिव |

(२) होमस्टे प्रवर्द्धन, नियमन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) नगरपालिका क्षेत्रमा भएका होम स्टे व्यवस्थापन समिति र संचालकहरु वीच समन्वय रसहजीकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ग) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

(घ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,

(ङ) पर्यटकको संचार तथा सुरक्षामा समस्या देखिएमा सहयोग गर्ने,

(च) नगरपालिका क्षेत्रमा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र अभिलेख व्यवस्थित गर्ने,

(छ) स्थानीय कृषि उत्पादन प्रयोग गर्ने तथा प्राङ्गारिक कृषि प्रवर्धन गर्न स्थानीय कृषि जैविक प्रविधिमा सहयोग पुर्याउने ।

**<u>११. पर्यटन पूर्वाधार विकास योजनामा सहयोग सम्बन्धी व्यवस्थाः</u>** होम स्टेमा पर्यटन पूर्वाधार विकासतथा संरक्षण सम्वन्धी योजनामा नगरपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्न सकिनेछ, थप सहयोगका लागी सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ ।

**<u>१२.अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्थाः</u>**(१) नगरपालिका वा तोकिएको निकायलेआवश्यकतानुसार समय समयमा होम स्टेव्यवस्थापन तथा संचालन समितिका कार्यहरु तथा प्रत्येक होम स्टेको अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ ।

(२) नगरपालिका वा तोकिएको निकायबाट हुने अनुगमन तथा निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होम स्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होम स्टेलाई खारेज गर्न सकिनेछ।

(४) कुनै होम स्टे संचालकले मापदण्ड पालना नगरेको वा सो सम्बन्धी गुनासो आएमा नगरपालिकाबाट कुनै पनि समयमा निरीक्षण गरी आवस्यक निर्देशन गर्न सक्नेछ । सो निर्देशनको पालना गर्नु होम स्टे संचालकको कर्तब्य हुनेछ ।

(५) होम स्टे व्यवस्थापन समिति वा संचालकले होम स्टे प्रवर्द्धन तथा व्यवस्थापनका लागि कुनैपनि प्रकारको सहयोग लिनु पर्ने भएमा नगरपालिकाबाट स्विकृति लिनु पर्नेछ ।

**<u>१३.नवीकरणः</u>** (१) सामुदायिक तथा नीजि होम स्टे सञ्चालकले देहाय बमोजिमको कागजात संलग्न गरीहरेक वर्ष होम स्टे नविकरणको लागि वडा कार्यालयमा व्यवसाय करको भुक्तान गरि नविकरण गर्नु पर्नेछ ।

(क) नविकरण अवधिसम्मको लेखा परीक्षण प्रतिवेदन र होम स्टेले पर्यटकलाई प्रदान गरेकोसेवाको विवरण,

(ख) सामुदायिक होम स्टेको हकमा होम स्टे व्यवस्थापन तथा संचालक समितिको प्रगतिप्रतिवेदन (पर्यटन पूर्वाधार विकास कार्यक्रम संचालन गरेको भए सो को समेत प्रगति विवरण)

**<u>१४. प्रचार प्रसार तथा बजारीकरणः</u>** होम स्टेको होर्डिङ्ग बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचारप्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा बिक्री जस्ता कृयाकलापहरु पर्यटन सम्बन्धी कार्यालय तथा संस्था र नगरपालिका, नीजि क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होम स्टेको प्रचार प्रसार तथा बजारीकरण गर्न सक्नेछ ।

**<u>१५.विविधः</u>** (१) नगरपालिका भित्रका प्रसिद्ध धार्मिक तिर्थस्थलमा दर्शनको लागि आउने दर्शनार्थी तथा तीर्थालुहरु एंव जैविक क्षेत्रको अवलोकन गर्न आउने पर्यटकको वसोवासर खानपीनको वन्दोवस्त मिलाउन होम स्टे संचालनको लागि स्थानीय समुदाय समेतको सहभागितामा अनुरोध भएमा निश्चित समयको लागि व्यवस्थापन अनुमति दिन सकिनेछ।

(२) होम स्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ ।व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ ।

(३) होम स्टे संचालन गर्ने संचालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ ।

(४) होम स्टे संचालन सम्बन्धी आधारभूत तथा विशिष्टिकृत तालिम विभिन्न संघ सस्था र कार्यालयको समन्वयमा प्राप्त गर्न सकिनेछ ।

(५) पर्यटकीय गतिविधिमा नै असर पर्ने गरी नाजायज काम (ठगी, चोरी, महिला हिंसा र अमानबीय व्यवहार गरेको भनी कुनै पर्यटकबाट निवेदन पर्न आई सो कसुर ठहर भएमा वा अनुगमनको क्रममा प्रमाणित भएमा त्यस्तो नीजि होम स्टे वा सामुदायिक होम स्टेको सदस्यलाई पुनः होम स्टे संचालन गर्न नपाउने गरी निजको दर्ता खारेज गर्न सकिनेछ ।

**१६. बचाउ**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ख) नगर कार्यपालिकाबाट यो कार्यविधिमा समयानुसार परिमार्जन गर्न सकिनेछ ।

ग) यस कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्नेछ ।

अनुसूची — १

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

**होम स्टे दर्ताका लागि दिइने निवेदन**

श्री बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया ।

म/हामीहरुले .....वडा नं. .........टोल/गाउँ .............................मा संचालन गर्न लागेको .............................होम स्टेलाई होम स्टे संचालन कार्यविधि, २०७६ बमोजिम सामुदायिक/निजी होम स्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौ।

होम स्टे संचालन कार्यविधि निर्देशिका, २०७६ को अधिनमा रही आफ्नो होम स्टे संचालन गर्नेछौं।

**संलग्न कागजातः**

१. होम स्टे संचालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

२. होम स्टे संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ती झल्कने प्रमाण वामञ्जुरनामा तथा भाडामा लिएको भए सो को संझौताको प्रतिलिपि वा स्थायीरुपमा बसोबास गरेको भनि वडा कार्यालयको सिफारिस।

३. प्रत्येक घरधनीले होम स्टे संचालन गर्न मञ्जुर गरेको कागजात सहित होम स्टे व्यवस्थापन तथासंचालक समितिको निर्णयको प्रतिलिपी ।

४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय ।

५. सम्बन्धित वडाको सिफारिस ।

६.प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि ।

७. होम स्टे संचालन सम्बन्धि विनियम ।

**होम स्टे (दर्ता हुने व्यक्तिहरुको) विवरण ।**

| क्र.स. | संचालकको नामथर | ठेगाना |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

नोटः सामुदायिक होम स्टेको हकमा होम स्टे व्यवस्थापन तथा संचालन समितिको अध्यक्ष वा अधिकारदिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनु पर्नेछ ।

निवेदकको नामथरः .......................

ठेगानाः.......................

मितिः.....................

अनुसूची-२

(दफा ४ को उपदफा (२) र दफा ५ को उपदफा (२) संग सम्बन्धित)

**<u>होम स्टे संचालनका आधारभूत मापदण्ड</u>**

१. होम स्टेका लागि घर, कोठा र बिस्ताराः

(क) सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृती झल्किने र हावा हुरी,जंगली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफा सुग्घर हुनु पर्नेछ ।

(ख) होम स्टेमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनु पर्नेछ ।

(ग) होम स्टे संचालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

(घ) एउटा कोठामा बढीमा २ वटामात्र ओछ्यान रहनुपर्नेछ । ओछ्यान कम्तीमा ६.५ फिटलम्बाई र ३ फिट चौडाईको हुनु पर्नेछ ।

(ङ) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनु पर्नेछ ।

(च) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनु पर्नेछ ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनु पर्नेछ ।

(ज) भित्तामा वा ढोकाको पछाडि पट्टि लुगा झुण्ड्याउने व्यवस्था भएको हुनु पर्नेछ ।

(झ) कोठामा विजुली बत्ती का अतिरिक्त वैकल्पिक उर्जा समेतको व्यवस्था हुनु पर्नेछ ।

(ञ) सुत्नेकोठामा धुवाँ आउने हुनु हुदैन । भान्सा कोठा र भत्र्याङ्ग कोठा पर्यटक सुताउनका लागिप्रयोग हुनु हुदैन।

(ट) सुत्ने कोठामा धार्मिक, सास्कृतिक परम्परा, जैविक विविधता झल्कने खालका तस्विरहरु राख्नु पर्नेछ ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनु पर्नेछ ।

(ड) प्रत्येक पाहुनाका लागि एकजोर चप्पलको व्यवस्था हुनु पर्नेछ ।

(ढ) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्डाएको हुनु पर्नेछ ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल राख्नु राम्रो हुनेछ ।

(त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ ।

(थ) पर्यटकले देख्ने ठाउँमा त्यस होम स्टेका फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथारमणीय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ ।

(द) पर्यटकले पालना गर्नु पर्ने अनुसूची-४ बमोजिमका आचार संहिता प्रष्ट देखिने गरी उपयुक्तस्थानमा टाँस्नु पर्नेछ र सो आचार संहिताको वारेमा पाहुनालाई शुरुमै जानकारी दिनु पर्नेछ ।

(ध) मेनुमा उल्लेख भए बाहेकका अन्य क्रियाकलाप/सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन ।

<u>२. शौचालय र स्नान घरः</u>

(क) सुविधायुक्त र सफा शौचालय हुनु पर्नेछ ।

(ख) होम स्टे संचालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नान घरकोव्यवश्था मिलाउनु पर्नेछ ।

(ग) स्नान घरमा पानीको बाल्टी, मग, सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्नेछ ।

<u>३. भान्छा कोठा र खाना खाने व्यवस्थाः</u>

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई भैसी अथवा भेडा बाख्रा, सुगुँर, कुखुरा आदि वाध्न वा पाल्नपाइने छैन ।

(ख) धेरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो) भएको हुनु पर्नेछ ।

(ग) पानीको सुविधा मिलाउनु पर्ने र खाने पानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नु पर्नेछ।

(घ) स्थानीय खा

नाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनु पर्नेछ।

(ङ) सानो डाइनिङ्ग टेवलको पनि प्रवन्ध भए राम्रो हुनेछ ।

(च) खानाको परिकारको विवरण तथा मूल्य निर्धारण गरिएको (मेनु भएको हुनु पर्नेछ ।

<u>४. स्वास्थ्य, सरसफाई तथा सुरक्षाः</u>

(क) वास वस्ने कोठा तथा सुत्ने विस्तारामा किरा, लामखुट्टे आदिबाट सुरक्षित भएको हुनु पर्नेछ।

(ख) सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने, खुला नाली र ढल नभएको हुनुपर्नेछ।

(ग) वातावरण मैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिकशौचालयको व्यवस्था, फूलबारी र बृक्षारोपण गरी हरियाली हुनु पर्नेछ ।

(घ) पर्यटककालागि सेनेटरि प्याड र सोको व्यवस्थापन गर्ने ठाउँ भएको हुनुपर्नेछ ।

अनुसूची-३

(दफा ४ को उपदफा (३) संग सम्बन्धित)

**होम स्टे दर्ता प्रमाणपत्र**

बारबर्दिया नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जयनगर, बर्दिया

प्रमाणपत्र संख्याः ...................

मितिः....................

**होम स्टे संचालन प्रमाणपत्र**

............................ लाई होम स्टे संचालन कार्यविधि, २०७६ मा व्यवस्था भए अनुसार सामुदायिक / नीजि होम स्टेका रुपमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१) सदस्यको नामः

२) ठेगानाः

३. अवधिः

**HOME STAY OPERATION CERTIFICATE**

........................... Homestay is registered / renewed as a Community /Private Homestay under Homestay Operation Procedures, 2076 B.S.

1. Name of the owner:
2. Address of the owner:
3. Valid up to:

**शर्तहरु**

- व्यवस्थापन तथा संचालन समितिसंग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नु पर्नेछ ।
- चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लिनु हुदैन ।
- स्थानीयसामाजिकसांस्कृतिकवातावरणलाईअसरपर्नेखालकाक्रियाकलापहरुगर्नुगराउनुहुदैन ।यो प्रमाणपत्र तथा अनुसूची-४ बमोजिमको आचार संहिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ ।
- व्यवस्थापन तथा संचालन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
- यो प्रमाणपत्र एक एक वर्षमा नविकरण गराउनु पर्नेछ ।

**अनुमतिपत्र प्रदान गर्ने अधिकृतको**

नामः....................................

दर्जाः दस्तखतः........................

मितिः..........................

अनुसूची - ४

(दफा ९ को उपदफा (३) खण्ड (ढ) संग सम्बन्धित)

**Code of Conduct for the Visitors (आचार संहिता)**

The home Stay visitors are expected to abide the following points:
पर्यटकहरूले निम्न लिखित आचार संहिताको पालना गर्नु पर्नेछ

1. Do not pressure the owner for food, beverage and facilities not available at homestay (होम स्टेमा उपलब्ध हुन नसक्ने खाना, पेय पदार्थ र सुविधा बारे संचालकलाई दबाव दिन पाइने छैन) ।
2. 2. Do not disturb people at home or outside (होम स्टे र छिमेकीलाई असर पर्नेगरीहोहल्ला गर्न पाइने छैन) ।
3. Do not offer anything to the people beyond one's capacity (होम स्टे संचालकककोक्षमता बाहिरको सेवा सुविधा माग गर्न पाइने छैन) ।
4. Beware of doing any behavior (such as sexual activities or sexual harassment)which is impermissible to the local socio-cultural values (सामाजिक मूल्य मान्यता, धर्म संस्कृतिकोहिसावले नपच्ने ब्यवहार, गतिविधी, यौनजन्य हिंसा गर्न पाईने छैन) ।
5. Respect to the rites and rituals of the local people; wear such clothes that arepermissible to the community (स्थानीय समुदायको रिति रिवाजलाई सम्मान गर्नु पर्नेछ। र समुदायमा सहज हुने कपडाहरू लगाउनु पर्नेछ) ।
6. Do not impress the owner or other people for doing immoral or illegal activities;respectto the household routine for entrance and exit (अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाई दवाव दिन हुँदैन) ।
7. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outsideis strictly prohibited (कुनै प्रकारका लठ्याउने प्रकारका लागु पदार्थहरू प्रयोग गर्न र विक्रि वितरणतथा ओसार पसार गर्न सख्त मनाही छ) ।
8. Respect to the biodiversity and ecology of the environment (जैविक विविधता र वातावरणीय परिस्थितिलाई सम्मान गर्नुहोस) ।

आज्ञाले

दशरथ बुढा

प्रमुख प्रशासकीय अधिकृत